नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

फोन नं.-४२००५११/४२००३०४

पत्र सं.:-२०७९/०८०

चलानी नं.:- ५४५

मितिः- २०८०/०२/२८

श्री स्थानीय तह (सबै),

विषयः- जानकारी सम्बन्धमा।

प्रस्तुत विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत राष्ट्रिय तथ्याङ्क कार्यालयको च.नं. ८४८ मिति २०८०/०२/०८ को राष्ट्रिय तथ्यगत विवरणको कार्यान्वयन सम्बन्धी पत्र आवश्यक जानकारी/कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

चिरञ्जीवी नेपाल

शाखा अधिकृत

**बोधार्थः**

श्री राष्ट्रिय तथ्याङ्क कार्यालय, रामशाहपथ, थापाथली,काठमाण्डौं।

श्री सूचना तथा प्रविधि शाखाः-Website मा Upload गरिदिनुहुन।

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

# राष्ट्रिय तथ्याङ्क कार्यालय

फोन ४२४५९४६, ४२४५९४७, ४२४५९४८, ४२४५८४८, ४२४१८०१, ४२२८४०६

फ्याक्स: ९७७-१-२२७७२०

पो.ब.नं. ११०३१

रामशाहपथ

थापाथली, काठमाडौं


सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ६३२४
दर्ता मिति:- २/१९

पत्र संख्या: ०७९/८०

च.नं.:- ८४८

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

मिति: २०८०/०२/०८

विषय : राष्ट्रिय तथ्यगत विवरण को कार्यन्वयन संबन्धमा ।

प्रिय सहकारीज्यू,

उपरोक्त सम्बन्धमा मिति २०७९/१२/२७ मा बसेको सचिव बैठकबाट राष्ट्रिय तथ्यगत विवरण (National Data Profile) मा **"सबै सरकारी निकायले राष्ट्रिय तथ्याङ्क कार्यालयसँग समन्वय गरी आआफ्नो निकायको अद्यावधिक तथ्यांक नियमित तबरमा अपलोड गर्ने"** निर्णय भएको एवं राष्ट्रिय विकास समस्या समाधान समितिको ५०औं बैठकले **"राष्ट्रिय तथ्यगत विवरणको प्रभावकारी रुपमा कार्यन्वयन गर्ने"** निर्णय गरेको सन्दर्भमा राष्ट्रिय तथ्यगत विवरणलाई प्रभावकारी बनाउन तहाँ मन्त्रालयबाट तपसिल अनुसार गरिदिनुहुन अनुरोध गर्दछु ।

तपसिल

१.सबै स्थानीय तहहरुलाई आर्थिक वर्ष २०७९।८० सम्मको तथ्यांक एवं सुचनाहरु २०८० श्रावण मसान्त भित्र राष्ट्रिय तथ्यांक कार्यालबाट तालिम प्राप्त कर्मचारी मार्फत राष्ट्रिय तथ्यगत विवरणमा प्रबिष्टि गर्न परिपत्र गरी दिनुहुन ।

२. राष्ट्रिय तथ्यगत विवरणलाई प्रभावकारी बनाउन यसमा तथ्यांक प्रबिष्टि गर्ने कार्यलाई स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन (LISA) मा शर्तका रुपमा राख्ने व्यबस्था मिलाई दिनुहुन ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सचिवज्यूको कार्य कक्ष
दर्ता नं.:- ८९
दर्ता मिति:- ०८०/२/१९

.................
रामप्रसाद थपलिया
प्रमुख तथ्याङ्क अधिकारी

बोधार्थ

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार, काठमाडौ. ।

वितरणमा सन्तुलन कायम हुने गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले एक महिनाभित्र कार्ययोजना तयार गरी शिक्षक समायोजनको प्रक्रिया अगाडि बढाउने।

८. सङ्घीयता लागू भए पश्चात, हाल अस्तित्वमा नरहेका जिल्ला विकास समिति, जिल्ला शिक्षा कार्यालय, महिला तथा बालबालिका कार्यालय, जिल्ला स्वास्थ्य कार्यालय र जिल्ला जनस्वास्थ्य कार्यालय जस्ता निकायहरूका साथै सङ्घीयता कार्यान्वयनपछि प्रदेश र स्थानीय तहका नाममा कायम भएको असुल उपर हुनुपर्ने तर हालसम्म असुल हुन नसकेका बेरुजुको हकमा बेरुजु फछ्र्यौट अनुगमन समितिले केन्द्रीय तहसिल कार्यालयमा लगत कस्न लेखी पठाउने र नियमित गर्ने लगायत अन्य बेरुजुको हकमा समितिले फछ्र्यौटसम्बन्धी प्रक्रिया पूरा गरी सम्परीक्षणकालागि एक वर्षभित्र सिफारिश गर्ने काम सम्पन्न गर्ने।

९. विगतका वर्षहरूमा रसायनिक मलको आपूर्ति समयमै हुन नसकेकोले अन्तर्राष्ट्रिय दर र राष्ट्रिय मागको आधारमा आपूर्ति गर्नको लागि समयमै आवश्यक परिमाण खरिद गर्न अग्रिम श्रोत सुनिश्चितता गर्ने, अन्तर्राष्ट्रिय बजारमा कायम भएको मूल्यको आधारमा आवश्यकतानुसार मित्र राष्ट्रका सरकारहरूसंग जी टु जी प्रक्रियाबाट रसायनिक मलको खरिद गर्ने प्रवन्ध कृषि तथा पशुपन्छी विकास मन्त्रालयमार्फत मिलाउने।

१०. महिलाविरूद्ध हुने सबै प्रकारको भेदभाव उन्मुलन (CEDAW) लगायत नेपाल सरकार पक्ष भएको अन्तर्राष्ट्रिय अभिसन्धिहरूको आधारमा नेपालले अन्तर्राष्ट्रिय मञ्चमा नियमित प्रतिवेदन पेश गर्नु पर्ने तर स्थानीय तह र प्रदेश तहबाट नियमित रुपमा तथ्याङ्क तथा प्रतिवेदन प्राप्त नहुँदा नेपालपक्ष भएको सबै अन्तर्राष्ट्रिय सन्धिहरूको कार्यान्वयन अवस्थाको विवरणहरू सबै तहका सरकारका निकायहरूले सन्धि कार्यान्वयनको मुख्य सरोकारवाला निकायमा नियमितरूपमा प्रतिवेदन गर्ने र यस्तो प्रतिवेदन पठाउनको लागि सम्बन्धित मन्त्रालयहरूले सबै तह र निकायहरूलाई एक महिनाभित्र जानकारी गराउने र सोको नियमित अनुगमनसमेत गर्ने। यसैगरी सङ्घीय नियामकहरुका लागि आवश्यक पर्ने सबै प्रकारका सूचना तथा तथ्याङ्कहरुका लागि राष्ट्रिय तथ्याङ्क विवरण (National Data Portal) प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउने।

११. वैदेशिक रोजगारमा जानुपूर्व गरिने स्वास्थ्य परीक्षण कार्य श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा सूचिकृत निजी क्लिनिकहरूबाट हुँदै आएको र बेला-बेलामा स्वास्थ्य परीक्षणको गुणस्तरीयतामा प्रश्न उठ्ने गरेको तथा वैदेशिक रोजगारमा गएका कामदारहरू कार्यस्थलमा हुने स्वास्थ्य परीक्षणमा कैफियत आई कामै नगरी फिर्ता आउनुपर्ने अवस्था समेत रहेको हुँदा नेपाल सरकारबाट स्वीकृति प्राप्त अस्पतालबाट वैदेशिक रोजगारीमा जाने कामदारको स्वास्थ्य परीक्षण सेवा उपलब्ध गराउने गरी श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको समन्वयमा दुई महिनाभित्र आवश्यक व्यवस्था गर्ने।

१२. देशभरी छरिएर रहेका एम्बुलेन्स सेवाहरु एकीकृत प्रणालीमा आबद्ध हुन नसक्दा सेवा प्रवाह प्रभावकारी नभएकोले देशै भरिका सबै निकाय एवं संस्थाहरुबाट सञ्चालित एम्बुलेन्सहरूलाई एकीकृत रुपमा सञ्चालन

राष्ट्रिय विकास समस्या समाधान समितिको ५०औं बैठकबाट भएका निर्णयहरू

१. नौबस्ता औद्योगिक क्षेत्र, मोतिपुर औद्योगिक क्षेत्र, कृषि फारम चन्द्रडाँगी, ज्येष्ठ नागरिक भवन [illegible] लगायतका विभिन्न सरकारी जग्गाहरूमा अव्यवस्थित बसोबासीहरूबाट अतिक्रमण भएको हुँदा अव्यवस्थित बसोबासीहरूलाई व्यवस्थापन गरी सरकारी जग्गालाई तोकिएको काममा नै उपयोग हुने व्यवस्था ३ महिनाभित्र मिलाउनेगरी भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रीको संयोजकत्वमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव (उद्योग), कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव (कृषि) र गृह मन्त्रालयका सचिव सदस्य रहने समिति गठन गर्ने।

२. जग्गा प्राप्ति ऐन, २०३४ को दफा ५ को उपदफा (२) बमोजिम जग्गा प्राप्तिको प्रारम्भिक कारबाही चलाउन कम्तिमा अधिकृतस्तरको कर्मचारीलाई नेपाल सरकारले आदेश दिन सक्ने व्यवस्था रहेकोमा त्यस्तो आदेश सम्बन्धित मन्त्रालयले नै दिन सक्ने गरी आवश्यक कानुन संशोधनको लागि गृह मन्त्रालयले एक महिनाभित्र प्रस्ताव तयार गरी पेश गर्ने।

३. स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) का आधारमा आयोजना निर्माण गर्ने क्रममा रुख कटानको साबिकमा भएको स्वीकृत संख्यामा घटी/बढी रहेकोमा घटी हुँदा पनि पुरक EIA गर्नुपर्ने व्यवस्थाले गर्दा काममा ढिलाई भएकोले त्यस्तो कार्यमा सहजीकरण गर्ने गरी विद्यमान वातावरण संरक्षण ऐन तथा नियमावलीमा संशोधन गर्न वन तथा वातावरण मन्त्रालयले दुई महिनाभित्र प्रक्रिया अघि बढाउने।

४. आयोजनाहरू निर्माणको लागि वन क्षेत्र प्रयोग गरे बापत नियमानुसार वृक्षारोपण गर्नका निमित्त निकुञ्ज र संरक्षण क्षेत्र नजिक जग्गा प्राप्त नभएमा अन्यत्र पनि वृक्षारोपण गर्न सकिने गरी वन ऐनमा संशोधन गर्ने प्रक्रिया वन तथा वातावरण मन्त्रालयले दुई महिनाभित्र अगाडि बढाउने।

५. नेपाल सरकारले सञ्चालन गर्ने पूर्वाधार निर्माणका आयोजनाहरूमा परेको राष्ट्रिय वनक्षेत्रको [illegible] सोधभर्ना स्वरुप वन विकास कोषमा रकम जम्मा गर्दा आयोजनाको लागत बढ्न गएकोले कटिएका रुखहरूको बदलामा बिरुवा रोप्ने र हुर्काउने बाहेक आयोजनाले प्रयोग गरेको क्षेत्रफल बराबरको [illegible] सट्टाभर्नाको लागि वन विकास कोषमा रकम जम्मा गर्ने कानुनी व्यवस्था संशोधनको लागि वन तथा वातावरण मन्त्रालयले दुई महिनाभित्र प्रस्ताव पेश गर्ने।

६. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको पुनर्संरचना नहुँदा सङ्घ र प्रदेशको कार्यक्षेत्र अस्पष्ट रहेको हुँदा नेपाल सरकारबाट स्वीकृत सङ्घ, प्रदेश र स्थानीय तहको कार्यविस्तृतीकरण प्रतिवेदन बमोजिम प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् अन्तर्गतका प्राविधिक शिक्षालयहरू प्रदेश सरकारबाट सञ्चालन गर्ने गरी हस्तान्तरण गर्ने र परिषद्ले पाठ्यक्रम तथा मानदण्ड निर्धारण, अनुमति, निरीक्षण र सीप प्रमाणीकरण लगायत कार्य गर्ने गरी आवश्यक कानुन संशोधनको प्रक्रिया शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले दुई महिनाभित्र सम्पन्न गर्ने।

७. संविधानतः आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकार क्षेत्रमा रहेको तर [illegible] विद्यालयका स्थायी शिक्षकहरू स्थानीय तहमा समायोजन हुन नसकेकोले विद्यालय शिक्षक [illegible]

## सचिव बैठकका निर्णयहरू:

१. आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम र बजेट तर्जुमा तयारी तीव्रताका साथ अघि बढाउने। नीति तथा कार्यक्रमलाई छिटोछरितो र बजेटसँग तादम्यत हुने किसिमबाट तयार गर्ने र यस कार्यमा सम्बन्धित सबै मन्त्रालय/ निकायले आवश्यक सूचना तथा विवरणहरू उपलब्ध गराउने।

२. राष्ट्रिय तथ्याङ्क कार्यालयले व्यवस्थापन गरिरहेको **National Data Profile** सम्बन्धमा जानकारीमूलक प्रस्तुति पेश भयो। सो सम्बन्धमा अब उप्रान्त सबै सरकारी कार्यालयले राष्ट्रिय तथ्याङ्क कार्यालयसँग समन्वय गरी आ-आफ्नो निकायको अद्यावधिक तथ्याङ्क नियमित तवरमा अपलोड गर्ने।

३. उच्चस्तरीय तलव सुधार आयोगको प्रतिवेदन, २०७९ को सुझाव कार्यान्वयनका सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवको संयोजकत्वमा गठित समितिले थप गृहकार्य गरी सङ्घीय निजामती सेवा ऐनको मस्यौदा र आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा समावेश गर्नुपर्ने बुँदाहरू तयार गर्ने।

४. व्यवस्थापनपरीक्षण सम्बन्धी व्यवस्थापन परीक्षण निर्देशिका, २०७९ बमोजिम चालु आर्थिक वर्ष २०७९/८० मा कार्य प्रारम्भ भएका मन्त्रालय र मातहत विभागको व्यवस्थापनपरीक्षण समयमा नै सम्पन्न गर्ने। आगामी आर्थिक वर्ष २०८०/८१ देखि प्रत्येक वर्ष व्यवस्थापन परीक्षणसम्बन्धी विषय वार्षिक कार्यक्रममा नै समावेश गरी सबै मन्त्रालय/निकाय/सचिवालयहरूले मातहत निकायहरूको समेत व्यवस्थापनपरीक्षणको स्वमूल्याङ्कन गर्न लगाई मूल्याङ्कन सहितको प्रतिवेदन भाद्र मसान्तभित्र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले उक्त स्वमूल्याङ्कन प्रतिवेदनको परीक्षण गरी व्यवस्थापन परीक्षणको एकीकृत वार्षिक प्रतिवेदन कार्तिक मसान्तभित्र नेपाल सरकार समक्ष पेश गर्ने व्यवस्था मिलाउने।

२०७९/१२/२६

मुख्य सचिव

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(पूर्वाधार विकास महाशाखा)

सिंहदरबार,काठमाडौं
नेपाल ।

राष्ट्रिय तथ्याङ्क कार्यालय
दर्ता नं. ३२२५
मिति: २०८०/०१/२०

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

प.सं.: २०७९/०८०

च.नं.: खा.स./६२२/६०६७

मिति: २०८०/०१/१९

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं।

श्री राष्ट्रिय तथ्याङ्क कार्यालय, थापाथली, काठमाडौं।

श्री प्रादेशिक समन्वय शाखा, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं।

**विषयः विषयः निर्णय कार्यान्वय गरी सोको प्रगति विवरण उपलब्ध गराउने सम्बन्धमा।**

राष्ट्रिय योजना आयोगबाट प्राप्त प.सं. २०७९/०८० च.नं. ३९९ मिति २०८०/०१/१० गतेको पत्र र सोसाथ प्राप्त निर्णयहरूको कागजात पाना चार (४) संलग्न छ। सो सम्वन्धमा सम्माननीय प्रधानमन्त्री एवम् राष्ट्रिय विकास समस्या समाधान समितिका अध्यक्ष पुष्पकलम दाहल "प्रचण्ड" ज्यूको अध्यक्षतामा मिति २०७९/१२/२३ गते सम्पन्न राष्ट्रिय विकास समस्या समाधान समितिको ५० औं बैठकबाट भएको तहाँ सम्बन्धित **निर्णय** नं. १० कार्यान्वयन गरी सोको प्रगति विवरण यस कार्यालय र राष्ट्रिय योजना आयोगमा समेत उपलब्ध गराइ दिनुहुन आदेशानुसार अनुरोध छ ।

२०८०/०१/१९

(प्रवीण कटवाल)
शाखा अधिकृत

<u>बोधार्थः</u>

श्री राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौं।

श्री योजना शाखा

२०८०/०१/२०

टेलिफोनः ५९७१०००, ५९७१००१,५९७१०२५, ५९७१०१४, ५९७ पो.ब.नं. २३३१२ काठमाडौं, नेपाल